नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## तराई-मधेश समृद्धि कार्यक्रम
### केन्द्रिय समन्वय इकाई
नयाँबानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७५।७६
चलानी नं. :- १६

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
तराई-मधेश समृद्धि कार्यक्रम
केन्द्रिय समन्वय इकाई
२०७५

मिति: २०७५।०७।०९

विषय :- सूचना कार्यान्वयन सम्वन्धमा ।

श्री तराई-मधेस समृद्धि कार्यक्रम लागू हुने स्थानीय तहहरु सबै,
(तराई मधेसका २१ जिल्लाहरु) ।

प्रस्तुत बिषयमा आ.व.०७५।७६ बाट लागू भएको तराई-मधेस समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम तराई-मधेस समृद्धि कार्यक्रम सञ्चालन तथा ब्यबस्थापन प्रक्रिया अघि बढाउन यस कार्यक्रम लागू हुने तराई मधेसका तोकिएका २७६ वटै महानगरपालिका / उपमहानगरपालिका / नगरपालिका / गाउँपालिकाहरुबाट आयोजना तथा कार्यक्रम माग एवं सिफारिसका लागि मिति २०७५।०७।०९ को गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकासित भएको छ । सो सूचना प्रकासित भएको मितिले ३० दिन (२०७५।०८।०८ तर अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट) भित्र सूचनामा तोकिए बमोजिम आयोजना / कार्यक्रम माग एवं सिफारिस यस तराई–मधेस समृद्धि कार्यक्रम, केन्द्रिय समन्वय इकाई, नयाँ बानेश्वरमा तोकिएको समय सीमाभित्र पठाइदिनु हुन निर्देशानुसार अनुरोध छ ।

पुनश्च: मिति २०७५।०७।०९ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकासित सूचना यसै साथ संलग्न छ ।

देवराज भण्डारी
शाखा अधिकृत
शाखा अधिकृत

**बोधार्थ :**
श्री योजना तथा विकास सहायता समन्वय महाशाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्री सूचना प्रविधि शाखा : वेभसाईटमा राखिदिनुहुन साथै यो सूचना तराई मधेसका २१ जिल्लाका २७६ स्थानीय तहहरुको बेभसाईटमा link गरिदिनु हुन ।

फोन नं. : ०१-५२४४६७७, ०१-५२४४८८१ e-mail: mofaga.tmpp@gmail.com

▸ वि.सं. १९५८ देखि निरन्तर प्रकाशित गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

| सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
| सर्वे भद्राणि पश्यन्तु माकश्चिद् दुःखभाग्जनः ॥

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ॥

GORKHAPATRA DAILY

२०७५ साल कात्तिक ९ गते शुक्रबार | कार्तिक कृष्ण द्वितीया | नेपाल संवत् ११३८ कौलागा : २ | 2018 October 26, Friday | Website : www.gorkhapatraonline.com | पृष्ठ :

सूचना । सू
विदेशमा बीमा
हो । त्यसैले
बीमा कम्पनीह
गैर कानूनीरूपम
कसलाई रोकौं

नेकपा सचिवालय

प्रदेश कमिटी



गृह मन्त्रालयले भविष्यमा सरकारी सवारी

---

...v.social@nea.org.np

कोष
गाँ

सूचना

...वली स्थित भेण्डरिङ्गसहितको
...त्र आह्वान गरिएको छ

(...०७५/७/९)

...चमेना गृह (क्याफे) मा पशुपति क्षेत्रको ...गृह (क्याफे) सञ्चालन गर्न प्रयोजनको ...इजाजत प्राप्त इच्छुक संघसंस्था, फर्म तथा ...कर चुक्ता प्रमाणपत्र संलग्न राखी वार्षिक ...।- (एक लाख रूपैयाँ) मा नघटाई बोलपत्र ...प्रकाशित गरिएको छ ।

...शाखामा सम्पर्क राख्नसमेत सूचित गरिन्छ

...विकास कोषबाट लिखित निवेदन पेस ...दर्ता, मु.अ. कर दर्ता र कर चुक्ताको ...३०००।-(फिर्ता नहुने) निम्न बैंकमा नगद ...सूचना प्रकाशित मितिदेखि ३०औं दिनको

...काठमाण्डौमा २०७५/८/१० गते दिनको ...गरिनेछैन ।

...कोष, गौशाला काठमाडौंमा २०७५/८/१० ...या बोलपत्रदाताको उपस्थितिमा खोलिने छ, ...सकिने छैन । साथै बोलपत्रसाथ आफूले पेस ...स्वरूप नेपाल बैंक लि. डिल्लीबजारस्थित ...०१ मा नगदै जम्मा गरेको सक्कल भौचर

---

हुन अनुरोध गरिन्छ । सो राय सुझावको प्रतिलिपि सम्बन्धित मन्त्रालयमा समेत पठाउन सकिनेछ ।

**राय सुझाव पठाउने ठेगाना**

**नेपाल विद्युत प्राधिकरण**
वातावरण तथा सामाजिक अध्ययन विभाग
खरिपाटी, भक्तपुर
फोन नं. : ०१-६६११५८०
फ्याक्स नं. :०१-६६११५९०
Email: env.social@nea.org.np

**नेपाल विद्युत प्राधिकरण**
धाराही-माडीचौर १३२ के.भी. प्रसारण लाइन आयोजना
खरिपाटी, भक्तपुर
फोन नं. : ९८५११८६३८५
Email: gkm132kv@nea.org.np

---

नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
## तराई-मधेश समृद्धि कार्यक्रम
**केन्द्रीय समन्वय इकाई**
नयाँ बानेश्वर, काठमाडौं

## आयोजना/कार्यक्रम पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७५/०७/०९)

तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार चालु आ.व. २०७५/०७६ का लागि कार्यविधिमा तोकिएको शर्त र मापदण्ड भित्र रही आयोजना/कार्यक्रम सञ्चालन गर्न इच्छुक तराई-मधेसका २१ जिल्लाका २७६ स्थानीय तह (महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका तथा गाउँपालिका) हरुबाट कार्यविधिको दफा-७ मा तोकिएका कार्यक्रम सञ्चालनका क्षेत्रहरु (क) सामुहिक आवास भवन (ख) सामुदायिक पूर्वाधार (ग) सडक (घ) कृषि विकास (ङ) खानेपानी तथा सरसफाई (च) सिँचाई तथा नदी नियन्त्रण (छ) उर्जा (ज) विपद् न्यूनीकरण पूर्वाधार मध्येबाट कार्यविधिमा उल्लेख भएका वर्ग र समुदायसँग प्रत्यक्ष सरोकार राख्ने तथा तत् तत् समुदाय लाभान्वित हुने प्रकृतिका आयोजना कार्यक्रमहरु सञ्चालनका लागि कार्यविधिको अनुसूची-२ मा उल्लेखित **आयोजना/कार्यक्रम माग फाराम** सहितको आयोजना सिफारिस एवं माग यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७५ मंसिर ०८ गते तर उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट) भित्र तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्वय इकाईमा प्राप्त हुने गरी पेश गर्नुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ ।

**द्रष्टव्य :** आयोजना माग एवं सिफारिश सहितको प्रस्ताव केन्द्रीय समन्वय इकाईमा सिधै वा तल उल्लेखित इमेलमा ठेगाना पठाउन सकिनेछ ।

**थप जानकारीका लागि सम्पर्क : कार्यक्रम निर्देशक : ९८६०३१६८०२, शाखा अधिकृत : ९८५११६१६४४**
E-mail : mofaga.tmpp@gmail.com
Website : www.mofaga.gov.np

कार्यक्रम निर्देशक
**तराई-मधेश समृद्धि कार्यक्रम**
केन्द्रीय समन्वय इकाई